का.जि.प्र.का.द.नं. १००/०५९/६०

❑ वर्ष १९, अंक १९३

❑ १२ भदौं २०७८, शनिबार

❑ 28 August 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्याह्न

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# काँग्रेसलाई लाग्यो महाधिवेशन

सत्ता टिक्ने निश्चित भएपछि नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा अव मन्त्रिपरिषद् बिस्तारसँगै पार्टीको १४औं महाधिवेशनमा केन्द्रीत हुनतिर लाग्ने देखिन्छन् ।

## ■ खटाइयो निर्वाचन अधिकृत

काँग्रेसले शुक्रबार १४औं महाधिवेशनका लागि ३८ जिल्लामा जिल्ला निर्वाचन अधिकृत खटाएको छ । महाधिवेशनका लागि पार्टी सभापति देउवाले हस्ताक्षर गरी बिहीबार ३८ जिल्लाको क्रिलाशील सदस्यताको नामावली पार्टीको केन्द्रीय निर्वाचन समितिलाई हस्तान्तरण गरे ।

क्रियाशील सदस्यताको सूचि प्राप्त गरेसँगै निर्वाचन समितिले पार्टी निकट मानिने डिएलए सम्बद्ध कानून व्यवसायी मध्येबाट जिल्ला निर्वाचन अधिकृत खटाएको समिति संयोजक महादेवप्रसाद यादवले बताए । जिल्ला निर्वाचन अधिकृतले यही भदौ १८ गते हुने गाउँ/नगर, वडा अधिवेशनदेखि जिल्ला अधिवेशनसम्म निर्वाचन प्रक्रियाका काम गर्नेछन् ।

निर्वाचन अधिकृतले सम्बन्धीत जिल्लाका पार्र्टी सभापति, पार्टीका वर्गिय सङ्गठन र शिक्षक सङ्घसँग समन्वय गरी वडास्तरसम्म निर्वाचन अधिकृत तोक्ने उनले बताए । प्रदेश अधिवेशनका लागि निर्वाचन अधिकृत पछि खटाइनेछ । क्रियाशील सदस्यताको बाँकी सूची समितिलाई शनिबार र आइतबारसम्म प्राप्त हुने बताइएको छ । बाँकी जिल्लामा क्रियाशील सदस्यताको सूचीसँगै निर्वाचन अधिकृत पनि खटाइने समितिले जनाएको छ । प्राप्त भएको क्रियाशील सदस्यताको सूची केन्द्रीय कार्यालयको वेभसाइटसमेतमा सार्वजनिक गरिएको संयोजक यादवले बताए ।

समितिले स्थल र हवाई यातायातमार्फत क्रियाशील बाँकी पृष्ठ २ मा




मुकुन्द लामिछाने/मध्यान्ह
काठमाडौं, ११ भदौं ।

नेपाली काँग्रेसका उपसभापति विमलेन्द्र निधिले नयाँ बानेश्वरमा शुक्रबार सम्पर्क कार्यालय खोलेका छन् । सम्पर्क कार्यालयको औपचारिक उद्घाटन अघि उपसभापति निधिले पशुपतिनाथ, जानकी, दक्षिणकाली, बंगलामुखी, डोलेश्वर लगायत मन्दिरका पुजारीहरुसँग आशिर्वाद लिएका थिए । गृह प्रदेश प्रदेश-२ का विभिन्न जिल्ला, देशका विभिन्न क्षेत्र देखि दिल्ली समेत पुगिसकेका निधिले आगामी निर्वाचनलाई लक्षित गरी सम्पर्क कार्यालय खोलेका हुन् ।

तर सम्पर्क कार्यालय खोल्ने देखि धार्मिक झल्को दिनेगरी निधिले देखाएको सक्रियताले उनी आगामी महाधिवेशनको तयारीमा रहेको बुझ्न गाह्रो पर्दैन । त्यसो त निधिले आगामी महाधिवेशनमा सभापतिमा दावी दिने तथ्य लुकाएका छैनन् । सधैं सभापति शेरबहादुर देउवालाई साथ दिदै आएका उपसभापति निधिले यसपटक आफै अगाडि बढ्ने बताउँदै आएका छन् ।

शुक्रबार सम्पर्क कार्यालय उद्घाटन गरिरहँदा पनि उपसभापति निधिले सभापतिमा दावी रहने बताए । “सभापतिमा उम्मेद्वारी दिने तयारीमा छु, त्यसैका लागि सम्पर्क कार्यालय स्थापना गरेको हुँ”, निधिले भने । निधिले सभापति बनेर आगामी निर्वाचनमा काँग्रेसलाई बहुमत दिलाउने बताए ।

“कसैलाई पराजित गर्न, अक्षम घोषणा गर्न वा रिटायर्ड बनाउन सभापति हुन लागेको होइन”, निधिले भने । निधिले काँग्रेस सभापति देउवा लक्षित अभिव्यक्ति दिएका हुन् । किनकि उनले सभापतिको दावीको चर्चा मात्रै गरेको, तर अन्त्यमा फिर्ता लिने चर्चा पनि भइरहेको छ । उनको पृष्ठभूमिका कारणले पनि यस्तो आशंका स्वभाविक हो ।

तर निधिले छुट्टै सम्पर्क कार्यालय स्थापना गर्नुले काँग्रेसमा राम्रोगरी महाधिवेशन लागेको संकेतका रुपमा पनि बुझ्न सकिन्छ । सभापति देउवाले पनि फेरि दोहोरिनेगरी कदम चालिरहेका छन् । उपसभापति निधिले साथ नदिएपनि देउवाले एकता प्रक्रियाबाट विजयकुमार गच्छदार, सुनिल थापा लगायतलाई पार्टीभित्र भित्र्याएका छन् ।

उनीहरुलाई नियम मिचेर सदस्यता दिइएको आरोप काँग्रेसभित्र विवादित विषय नै बनेको थियो । सभापति देउवा, उपसभापति निधिसँगै संस्थापन इतरका नेताहरुले पनि महाधिवेशन लक्षित गतिविधि गर्दै आएका छन् । महामन्त्री शशांक कोइराला, पूर्वमहामन्त्री प्रकाशमान सिंह र निधि बीच कयौं पटक भेटवार्ता चलिसकेको छ ।


बरिष्ठ नेता रामचन्द्र पौडेल, नेतृ सुजा कोइराला र शेखर कोइराला पनि सभापतिको बलियो दावेदारीका साथ मैदानमा उत्रिएका छन् । नेता पौडेलले वडा अधिवेशन अगाडि नै सामुहिक रुपमा नेतृत्वको दावेदारको टुंगो लगाउने बताइसकेका छन् । काँग्रेसको वडा अधिवेशन आगामी १८ भदौंमा हुँदैछ । अर्थात् एक साताभित्रै काँग्रेसमा महाधिवेशन शुरु हुनेछ । वडा अधिवेशन शुरु भएपछि काँग्रेसभित्र लगातार मंसिरसम्म महाधिवेशन हुने कार्यतालिका छ ।

# बहुमतको रहेन पीर

समित श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ११ भदौं ।

नेकपा एमालेबाट विभाजित भएर बनेको नेकपा (एकीकृत समाजवादी) ले सरकारमा सहभागी हुने निर्णय गरेको छ । अध्यक्ष माधवकुमार नेपाल नेतृत्वको नवगठित पार्टीले सरकारमा जाने निर्णय गरेको हो । शुक्रबार बसेको स्थायी कमिटी बैठकले सरकारमा सहभागी हुने निर्णय गरेको स्थायी कमिटी सदस्य बेदुराम भुसालले बताए ।

तर मन्त्रालय र मन्त्रीबारे भने निर्णय हुन बाँकी छ । यसअघि यो पार्टीले पाँच वटा मन्त्रालय पाउने भद्र सहमति भएको थियो । “केही तलमाथि हुन सक्छ । मन्त्रालय टुंगो लागेपछि मन्त्रीहरु चयन गर्छौं”, भुसालले भने । एकीकृत समाजवादीमा २३ सांसद छन् । बुधबार दल दर्ता प्रक्रियाका क्रममा सनाखत गर्न नपाएका सोमप्रसाद पाण्डे, माया ज्ञवाली र तुलसा थापा पनि एकीकृत समाजवादीमै रहेको नेताहरुले दावी गरेका छन् ।



नेकपा एमाले विभाजन भएर नयाँ दल बनेसँगै प्रधानमन्त्री शेरबहादुर देउवालाई संसदीय बहुमतका लागि चिन्ता हटेको छ । अझ लोकतान्त्रिक समाजवादी पार्टी पार्टी, नेपाल (लोसपा) ले पनि साथ कायमै राख्ने संकेत गरेको छ ।

नयाँ दल गठन र सरकारमै सहभागी हुने यो पार्टीको निर्णयले प्रधानमन्त्री शेरबहादुर देउवालाई भने ढुक्क भएको छ । नेपाली काँग्रेसको ६१ र नेकपा माओवादी केन्द्रसँग ४९ सांसद छन् । यसमा राष्ट्रिय जनमोर्चाका एक सांसदको समर्थन छदैछ । अब माधव नेपाल नेतृत्वको पार्टी पनि सरकारमा सहभागी हुने भएपछि देउवाले पुरै कार्यकाल प्रधानमन्त्री चलाउनेछन् । यसमा २० सांसद रहेको जनता समाजवादी पार्टी (जसपा) को पनि समर्थन कायमै छ । सरकारमा सहभागी भइनसके पनि समर्थन कायमै रहेको र केही दिनभित्रै सरकारमा सहभागी हुने बताएको छ ।

अझ जसपाबाट विभाजित भएको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा) ले पनि सरकारमा जाने संकेत गरेको छ । अध्यक्ष महन्त ठाकुरले आफ्ना माग सम्बोधन हुने वातावरण भए सरकारसँग सहकार्य हुने संकेत दिएका छन् ।

बबरमहलस्थित पार्टी केन्द्रीय कार्यालयको उद्घाटन तथा झण्डोत्तोलनपछि सञ्चारकर्मीसँग संक्षिप्त कुराकानी गर्दै अध्यक्ष ठाकुरले वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारमा जाने विषयमा अहिले औपचारिक छलफल नभएको र सरकारले पनि कुनै प्रस्ताव नपठाएको बताए । अध्यक्ष ठाकुरले पार्टी दर्ता नै भर्खर भएकाले सरकारमा सहभागीताका विषयमा बाँकी पृष्ठ २ मा

# समस्या समाधानमा आफु सहयोगी बन्ने महानिर्देशक काफ्लेको आश्वासन

मध्यान्ह संवाददाता
काठमाडौं, ११ भदौ

वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक दीपक काफ्लेले वैदेशिक रोजगारका समस्या समाधानमा आाफु सहयोगी बन्ने आश्वासन दिएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले शुक्रबार गरेको स्वागत तथा कार्यकाल सफलताको शुभकामना कार्यक्रममा व्यवसायीहरुका समस्या सुनेपछि महानिर्देशक काफ्लेले उक्त आश्वासन दिएका हुन् ।

बुधबार विभागमा पदवहाली गरी जिम्मेवारी सम्हालेका महानिर्देशक काफ्ले त्यसअघि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिव एवं प्रवक्ताको जिम्मेवारीमा थिए ।

उनले भने, ‘वैदेशिक रोजगार व्यवसायमार्फत भित्रिएको रेमिट्यान्सले मुलुकको अर्थतन्त्रमा योगदान पुर्याएको छ, यसलाई अगाडि बढाउने निजी क्षेत्रका व्यवसायीहरु हुन् । उनीहरुका समस्या समाधान गर्न म सकारात्मकरुपमा लाग्ने छु । सरकारले ऐन नै बनाएर वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, मर्यादित र प्रवर्द्धन गर्ने प्रवन्ध गरेकाले विभागको नेतृत्वले त्यसलाई ध्यानमा राख्ने छ ।’

वैदेशिक रोजगारका विभिन्न विषयमा गहनरुपमा सिक्ने प्रक्रियामा रहेको भन्दै महानिर्देशक काफ्लेले आफु विभिन्न जिल्लामा प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा रहँदा वैदेशिक रोजगारका ठगीका पक्षमा जानकार रहेको बताउँदै समस्या समाधान गर्न नेपाल वैदेशिक रोजगार व्यवसायी संघ नेतृत्वसँग सहकार्य गर्ने बताए ।

संघका कार्यवाहक अध्यक्ष कमल तामाङले वैदेशिक रोजगार मुलुकको ५६ प्रतिशत घरधुरीमा पुगेको र मुलुकमा प्राप्त भएको रेमिट्यान्सले आर्थिक, सामाजिक तथा अन्य पक्षमा सकारात्मक प्रभाव पारेको अवस्थामा कोभिडका कारण हाल व्यवसायीहरु कार्यालय सञ्चालनसमेत गर्न नसक्ने अवस्थामा पुगेकाले समस्या समाधानमा विभागले सक्नेजति उदारता देखाउनु पर्ने माग गरे ।

त्यसका लागि कार्यवाहक अध्यक्ष तामाङले इराक घटनापछि धराशायी भएको वैदेशिक रोजगार व्यवसायीलाई कार्यालय सञ्चालन गर्न केही समयका लागि बिना व्याज धरौटी उपलब्ध गराएजस्तै हालको अवस्थामा पनि केही समयका लागि व्यवसायीहरुलाई धरौटी फिर्ता गर्न माग गरे ।

विभागले लागू गरेको वैदेशिक रोजगार सूचना बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### प्रहरी प्रतिवेदनका निम्ति कन्सुलर विभागमा लाम लाग्नुनपर्ने

**काठमाडौं/रासस-** कन्सुलर सेवा विभागले विदेश जान आवश्यक पर्ने प्रहरी प्रतिवेदन प्रमाणपत्रको प्रमाणीकरणका निम्ति विभागमा लाम लाग्नु नपर्ने व्यवस्था गरेको छ । यही भदौ १३ गते आइतबारदेखि लागू हुने गरी विभागले प्रहरी प्रतिवेदनको प्रमाणीकरण विद्युतीय माध्यमबाट मात्र गरिने व्यवस्था मिलाइएको बताएको हो ।

सेवाग्राहीलाई सहज एवं सरलरूपमा सेवा प्रवाह गर्न विभागले ‘अनलाइन’ प्रणाली शुरु गरेको विभागका महानिर्देशक धनबहादुर ओलीले बताए । अनलाइनमार्फत वा विभागको वेबसाइटमा अनलाइन आवेदन गर्न सकिने बताउँदै उनले भरिएको आवेदन स्वीकृत भएपछि तत्काल सेवाग्राहीले आवेदनमा भरेको मोबाइलमा सन्देश प्रवाह हुने र प्राप्त सन्देशका आधारमा सेवाग्राहीले राजश्व रकम पनि अनलाइनबाटै बुझाउन सक्ने प्रबन्ध गरिएको जानकारी दिए । कनेक्ट आइपिएसबाट सोझै विद्युतीय भुक्तानी वा देशभरका ग्लोबल आइएमई बैंकका शाखामार्फत भौतिकरूपमा पनि राजश्व दाखिला गर्न सकिने महानिर्देशक ओलीले बताए ।

‘काठमाडौँबाहेक देशका कुनै पनि स्थानमा कन्सुलर सेवा विभागबाट प्रवाह हुने सेवाको व्यवस्था हालसम्म नभएकाले ताप्लेजुङदेखि दार्चुलासम्मका सेवाग्राहीलाई पहिलो बाँकी पृष्ठ २ मा

### अफगानिस्तानमा रहेका नेपाली सुरक्षित

**काठमाडौं/रासस–** सरकारले वैदेशिक रोजगारीका लागि अफगानिस्तानमा रहेका सबै नेपाली सुरक्षित रहेका बताएको छ । हाल काबुलमा ४२ जना एउटै समूहमा रहेका र उनीहरू सुरक्षित रहेका परराष्ट्र मन्त्रालयले जनाएको छ । काबुलमा रहेका सबैसँग सरकार नियमित सम्पर्कमा रहेको र उनीहरूलाई स्वदेश फर्काउन सम्बन्धित निकायसँग समन्वय भइरहेको मन्त्रालयले शुक्रवार साँझ जारी प्रेस विज्ञप्तिमा जनाइएको छ । काबुलबाट बिहीबार उद्धार गरेर नयाँदिल्ली पुर्याइएका ११ जना काठमाडौँ आउने प्रक्रियामा रहेको पनि उक्त मन्त्रालयले जनाएको छ। अफगानिस्तानमा रहेकाहरूलाई कन्सुलर सेवा विभागको वेबसाइटमा रहेको ‘अनलाइन पोर्टल’मा आफ्नो नामसहितको विवरण दर्ता गर्न मन्त्रालयले अनुरोध गरेको छ।

# प्रकोपमा परी ४४ जना अझै बेपत्ता

काठमाडौं/रासस- मनसुन शुरु भएयता (गत जेठ ३१ पछि) मुलुकभर मनसुनजन्य घटनामा ८५ जनाको मृत्यु भएको छ । उक्त घटनामा परी अन्य ४४ जना हराइरहेका गृह मन्त्रालयले जनाएको छ ।

अहिलेसम्म पाँच हजार ५०० भन्दा बढीलाई उद्धार गरी सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको गृह मन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख होमकला पाण्डेले बताए ।

गृह मन्त्रालयमा गृहमन्त्री बालकृष्ण खाँणको अध्यक्षतामा शुक्रबार बसेको विपद् व्यवस्थापनसम्बन्धी बैठकमा विवरण सार्वजनिक गर्दै उनले अहिलेसम्म विपद्बाट ७० जिल्ला प्रभावित भएको बताए ।

शनिबार मात्रै बाढीबाट ४०० जना प्रभावित भएको र उनीहरुलाई सुरक्षित स्थानमा सारिएको छ । आज तीनको मृत्यु र तीन जना वेपत्ता भएका छन् । त्यस्तै १९ घरमा क्षति भएको जनाइएको छ। बाढी पहिराले क्षति पुर्याएको ३८ जिल्लामा पुनःनिर्माण गर्न रु एक अर्ब ११ करोडभन्दा बढी लाग्ने अनुमान बाँकी पृष्ठ २ मा



### बेपत्ताको खोजी र उद्धार प्रभावकारी बनाउन गृहमन्त्रीको निर्देशन

गृहमन्त्री खाँणले पछिल्लो समय देशभर आएको बाढी, पहिराका कारण बेपत्ता भएकाको खोजी, प्रभावितको उद्धार तथा राहत वितरण प्रभावकारी बनाउन निर्देशन दिए । बाढीले पूर्वपश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ खण्ड, तुरिया र घोडाहा खोलामा रहेको दुई पुल भत्किएको तथा सडक अवरुद्ध भएको र त्यस स्थानमा तत्काल वेलिवृज बनाउन निर्देशन दिए ।

बाढी प्रभावित ४०० परिवारलाई सुरक्षित स्थानमा राख्न र तत्काल राहत तथा उपचारको व्यवस्था मिलाउन पनि उनले निर्देशन दिए । प्रभावित क्षेत्रका बासिन्दालाई सुरक्षित ठाउँमा स्थानान्तरण गर्न पनि उनले सबै सुरक्षा निकाय तथा मातहतका सम्बद्ध अधिकारीलाई निर्देशन दिए ।

अवरुद्ध राजमार्गमा सवारी साधन सञ्चालनका लागि वैकल्पिक उपाय अपनाउन पनि उनले आग्रह गरे । बैठकमा बाँकी पृष्ठ २ मा

# कञ्चनपुरमा बाढीको वितण्डा
# सयौं घर डुबानमा

गोमती पाल/मध्यान्ह
कञ्चनपुर, ११ भदौ



कञ्चनपुरको दक्षिण क्षेत्रका वस्तीहरु बाढीको चपेटामा परेका छन् । दुई दिनदेखि वर्षा भएपछि लालझाडी गाउँपालिका, बेलौरी नगरपालिका र पुनर्वास नगरपालिकामा वस्ती डुबानमा परेका हुन् ।

लालझाडी गाउँपालिकामा विभिन्न गाउँहरु जाई, पर्सिया, ढुंगा, नन्दगाउँ, बल्मी, कसुवा, कञ्जका सयौं घर डुवानमा परेका हुन् । लालझाडी गाउँपालिका अध्यक्ष मदन सेन बडायकले गाउँपालिकाभरी क्षति पुगेको बताए । उनका अनुसार गाउँपालिका १ देखि ६ नम्बर वडाका हजारौं घर डुवानमा परेका छन् ।

केही स्थानीयका घरपालुवा जनावर, भौतिक सम्पती समेत बगेर नष्ट भएका छन् । बेलौरी नगरपालिका ५ रामनगर क्षेत्रका घर पनि डुबानमा छन् ।

पुनर्वास नगरपालिकामा २ र ५ नम्बर वडामा झण्डै डेढसय घर डुवानमा परेका छन् । पुनर्वास नगरपालिका भएर धनगढी जोड्ने हुलाकी सडक समेत अवरोध भएको छ । 'सिंगै नदी गाउँपसेपछि पुनर्वास-धनगढीसडक समेत अवरोध भएको छ, 'लालझाडीका स्थानीय युवा अमर सिंह रानाले भने, ' एक्कासी नदीमा पानीको बहाव बढेसँगै वितण्डा मच्चाएको छ ।'

पहाडमा भारी वर्षा भएका कारण वा अन्य नदीहरु दोदामा मिसिएका कारण बाढी आएको हुनसक्ने स्थानीय बताउँछन् । नदी गाउँ पसेपनि अहिलेसम्म मानविय क्षतिबाट भने जोगिएको छ । नदी नै गाउँपसेपछि मानिसको उद्धारका लागि स्थानीय प्रहरी, सशस्त्र प्रहरी, रेडक्रसकर्मी जनप्रतिनिधि उद्धारमा खटिएका छन् । डुवान क्षेत्रमा परेका नागरिकको उद्दार कार्य जारी रहेको कञ्चनपुरका प्रहरी प्रवक्ता सिद्धराज न्यौपानेले बताए । प्रवक्ता न्यौपानेका अनुसार मानविय तथा भौतिक सम्पत्तीको उद्धार कार्य जारी रहेको छ ।

इलाका प्रहरी कार्यालय त्रिभुवनबस्तिका प्रहरी निरीक्षक कैलाश बिष्टले दिएको जानकारी अनुसार सिमरी गाउँमा ५३ घर, रातोखाली गाउँमा ३५ घर डुवानमा परेका छन् । त्यस्तै पुनर्वास नगरपालिका १० स्थित कुण्डा सेक्टर वन कार्यालय नजिक का ७ घर डुवानमा परेको पुनर्वास नगरपालिका १० का वडा अध्यक्ष सुखदेव रानाले मध्यान्हलाई जानकारी दिए ।

उता कञ्चनपुर र कैलालीको सीमाना भएर बग्ने राजघाट मोहना नदीमा बाढी आएको छ । चुरे क्षेत्रमा भएको भारी वर्षापछि मोहना नदीमा बाढी आएको हो । जिल्ला प्रशासन कार्यालय कैलालीका अनुसार बिहीबार राति मोहना नदीले खतराको सतह वारपार गरेकोले आवतजावत गर्न अवरुद्ध भएको बताए ।

मोहना नदीमा पानीको बहाव बढेसँगै धनगढी उप-महानगरपालिका-३ चटकपुरबाट कञ्चनपुरको राजघाट जोड्ने पक्की पुलमा आवागमन अवरुद्ध भएको थियो । पुलको निर्माण सम्पन्न नभएपनि माटो भरान गरेर सोही पुल भएर आवागमन हुने गरेको थियो ।

तर भरान गरिएको माटो बगाएपछि अहिले आवतजावत नै ठप्प भएको स्थानीय समाजसेवी मोहनसिंह महराले जानकारी दिए । अविरल वर्षाका कारण बाढीले धनगढी-राजघाट जोड्ने स्काई फोल्डिङ पुलमा समेत असर गरेकोले आवतजावत समेत बन्द रहेको महराको भनाइ छ ।

दुईतीन दिनदेखि कञ्चनपुरमा सामान्य मानिसको शरिर भिजाउने मात्रै पानी परिरहेको छ ।

अबिरल रुपमा मुसलधारे वर्षा समेत भएको छैन । तर, चुरे क्षेत्रमा आएको भारी वर्षाको कारण एक्कासी कञ्चनपुरको पुर्वी गाउँमा रहेको दोदा नदीमा बाढी आएको छ ।

नेपाल प्रहरीले बिहीबार राति १२ बजे बाढीको सूचना पाएको र एलर्ट साइरन बजाएकाले मानिस सुरक्षित स्थानमा बसेकाले मानविय क्षति हुन नपाएको इलाका प्रहरी कार्यालय पुनर्वास नगरपालिका स्थित त्रिभुवनबस्तीका प्रहरी निरीक्षक कैलाश सिंह बिष्टले बताए ।

बाढीले डुबानमा परेका केही व्यक्तिलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले उद्धार गरेको छ । अन्य क्षति बारे एकिन तथ्यांक आइ नसकेको प्रहरीले जनाएको छ ।

बाढीका कारण घर डुबानमा परेकाको तत्काल उद्धार गरिएको र उनीहरूका लागि खाना र बस्ने व्यवस्था मिलाईसकेको विपद व्यवस्थापन समितिका अध्यक्ष तिर्थ राज रानाले बताए ।

माटोको गाऱ्हो प्रयोग गरी बनाइएका कच्ची घरहरू भत्किएका छन् । घरमा फर्किने अवस्था नआउँदासम्म पीडित व्यक्तिहरुलाई खाना बस्न र औषधि उपचारका लागि नगरपालिकाले व्यवस्था गर्ने पुनर्वास नगरपालिकाका नगर प्रमुख जीवन राज थापाले बताए ।

# नेपाली श्रमिक कल्याणकारी संघ कतारको सचेतना कार्यक्रम सम्पन्न

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, ११ भदौ



नेपाली श्रमिक कल्याणकारी संघ कतारले कामदारको स्वास्थ्य तथा सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रम कान्तिपुर मेडिकल सेन्टर संगको सहकार्यमा सम्पन्न भएको हो ।

कार्यक्रममा वक्ताहरुले कार्य क्षेत्रमा मात्र सुरक्षा भएर नहुने र मानवीय जीवनका हरेक पलपलमा सुरक्षा र स्वास्थ्यको महत्त्व रहने बताएका थिए । सचेतना कार्यक्रम एकल रूपमा गर्न असम्भव रहेको भन्दै सबैले मिलेर नै गर्नु पर्नेमा वक्ताहरूको जोड रहेको थियो । कान्तिपुर मेडिकलका बजार प्रबन्धक विशाल खतिवडाले स्वास्थ्य र सुरक्षा परिपूरक रहेको हुँदा आफूले आफैलाई स्वस्थ राख्न अनुशासित जीवन शैलीको पालना गर्नु पर्ने बताए ।

कतारमा कामदारहरूले पर्याप्त मात्रमा स्वास्थ्यमा ध्यान नदिंदा विभिन्न रोगले ग्रसित हुने गरेको कान्तिपुर मेडिकलका फ्यामिलि मेडिसिन विज्ञ डा. प्रकाश पुन मगरले बताए । मिर्गौला रोगका धेरै बिरामी बढ्न लागेको प्रति चिन्ता व्यक्त गर्दै डा. मगरले आफ्नो स्वास्थ्यलाई आफैले माया गर्नु पर्ने र अनावश्यक चिन्ता नलिन सुझाव दिए ।

एनआरएनए कतारका कार्यवाहक अध्यक्ष जेबी राई लगायत विभिन्न व्यक्तित्वहरूको विशेष आतिथ्यता रहेको कार्यक्रम संघका अध्यक्ष तिल विक्रम मगरको सभापतित्वमा सम्पन्न भएको हो । संघका महासचिव मिलन विश्वकर्माद्वारा सहजीकरण गरिएको कार्यक्रममा विशिष्ट अतिथिहरूलाई आयोजकले मायाको चिनो र सम्मान पत्रले सम्मान गरेको थियो । कार्यक्रम भौतिक र भर्चुअल रूपमा सम्पन्न भएको थियो ।

**खटाइयो ....**

सदस्यता नामावली सूची, पार्टीको विधान र नियमावली, निर्वाचन निर्देशिका, अधिवेशनमा निर्वाचित हुने सदस्यलाई प्रदान गर्ने प्रमाणपत्रसहितको बण्डल प्रत्येक जिल्लामा पठाउन सुरु गरिसकेको जनाएको छ ।

निर्वाचन अधिकृत खटाएसँगै भदौ १८ गते तोकिएको वडाअधिवेशनका लागि नेता कार्यकर्ता जिल्ला र गाउँ फर्किन सुरु भएको छ । नविकरण र नयाँ गरी करिब नौ लाखको संख्यामा रहेका काँग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगरवडा अधिवेशनका मतदाता हुन् । क्रियाशील सदस्यले आफने वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्ने पार्टीको विधानमा उल्लेख छ ।

१४औँ महाधिवेशनअन्तर्गत गाउँ/नगर वडाअधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते हुनेछ । यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ ।

कांग्रेसले विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमितिको गरी आठ तहगत संरचनाको व्यवस्था गरेको छ । पार्टीभित्र आठ तहगत निर्वाचन हुने यस्तो संरचना बनाउने कांग्रेस मुलुकको पहिलो पार्टी बनेको छ । पार्टीको विधानअनुसार केन्द्रीय कार्यसमिति एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री, एक कोषाध्यक्ष र बाँकी सदस्य गरी कुल १६८ सदस्यीय हुनेछ ।

**बहुमतको...**

छलफलपछि निर्णय गरिने प्रष्ट पार्ने बताए । ठाकुरले भने, "पार्टी भर्खर दर्ता भएको छ । सरकारले बोलाएर सोध्छ, अनि कुरा राख्छौं, त्यसपछि सरकारमा जाने या नजाने कुरा आउछ ।" अर्थात् प्रधानमन्त्री देउवालाई लोसपाले पनि समर्थन गरे भने प्रतिनिधिसभाको प्रष्ट बहुमत यो सरकारको पक्षमा हुनेछ । गएको ३ साउनमा विश्वासको मत लिदा प्रधानमन्त्री देउवाले १६५ मत पाएका थिए ।

**समस्या...**

व्यवस्थापन प्रणाली (फेमिस), जापानको रोजगारी जिट्को, सेवा शुल्क, म्यानपावर कम्पनीका शाखा खोल्न अनुमति दिने व्यवस्था कार्यान्वयन गर्न पनि कार्यवाहक अध्यक्ष तामाङले माग गरे ।

फरक प्रसंगमा उनले कोरोना भाइसर संक्रमणका कारण आगामी असोजमा संघ कार्यसमितिको निर्वाचन हुन नसक्ने उल्लेख गर्दै वर्तमान कार्यसमितिले नै केही समयका लागि नवनियुक्त महानिर्देशक काफ्लेसँग सहकार्य गर्ने टिप्पणी गरे । संघका पूर्व अध्यक्ष प्रेमबहादुर कटुवालले समस्याहरु धेरै रहेको भन्दै बृहत अन्तरक्रियाका माध्यमबाट समाधान गर्नुपर्ने सुझाव राखे ।

**प्रहरी..**

चरणमा पुलिस क्लियरेन्स सर्टिफिकेट प्रमाणीकरणको व्यवस्था अनलाइनबाट गरिएको छ । विभागका अन्य सेवालाई पनि क्रमशः विद्युतीय प्रणाालीमा लैजाने परराष्ट्र मन्त्रालयको नीति छ,' उनले भने । प्रक्रिया पूरा गरिएका आवेदकले एक कार्यदिन समाप्त भएपछि अर्को दिन प्रमाणित कागतपत्र पाउने छन् । अनलाइन प्रणालीले फर्जी कागतपत्र बन्ने जोखिम पनि पूर्णरूपमा हट्नेछ ।

**प्रकोपमा....**

गरिएको छ । महाशाखा प्रमुख पाण्डेले बाढी पहिराका कारण शुक्रबार साना ठुला गरेर २९ सडक अवरुद्ध भएको जानकारी दिए । केही खुलेका र केही खुल्न बाँकी रहेका छन् । प्राप्त विवरणअनुसार यसपालिको वर्षाका कारण कैलाली, नवलपरासी, कञ्चनपुर, कैलाली, दाङ, रौतहट, रुपन्देही, महोत्तरी, कपिलवस्तु, चितवन, खोटाङ, सिन्धुली, बाजुरालगायत जिल्ला प्रभावित भएको गृहमन्त्रालयले जनाएको छ ।

**वेपत्ताको ...**

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण, सडक विभाग, जल तथा मौसम विज्ञान विभागका अधिकारीको सहभागिता थियो ।

# अविरल वर्षाका कारण गुल्मीको रिडी रुद्रवेणी सडकखण्ड अवरुद्ध

सुमन महतारा/मध्यान्ह
गुल्मी, ११ भदौ

बिहीबार रातिदेखिको अविरल वर्षाका कारण पहिरो झर्दा गुल्मीको रिडी रुद्रबेणीसडक खण्ड अवरुद्ध भएको छ । सडक खण्डको रुरु गाउँपालिका-२ को साँघुरेमा माथिबाट ढुङ्गा र माटो रझरिरहेको कारण सडक अबरुद्द बनेको अस्थायी ट्राफिक प्रहरी पोष्ट रिडीका प्रहरी सहायक निरीक्षक नम बहादुर थापाले जानकारी दिए ।

भिषण वर्षा परिरहेको र पहिरो झर्ने क्रम नरोकिएकाले पैदल यात्रीलाई जोखिम उठाएर यात्रा नगर्न प्रहरीले आग्रह गरेको छ । यसै बीच प्रहरीले पैदल यात्रु तथा यातायातका साधनहरुलाई वैकल्पिक सडको प्रयोग गर्न समेत आग्रह गरेको छ ।

बुटवलदेखि रुद्रवेणि तर्फ गैइरहेको ध १ च १४६ नम्बरको डबल क्याप बोलेरो जिप पहिरोमा परेपनि मानविय क्षति भने भएको छैन । पहिरोमा परेको गाडिलाई निकाल्ने प्रयास भईरहेको प्रहरीले जनाएको छ । साथै रुरुक्षेत्रमा हिजो देखि परेको अविरल वर्षा रोकिएको छैन । यसक्षेत्रका खोला खोल्सा र नदी नालाको जलस्तर बढेको छ । कालिगण्डकी रिडीखोलाको जलस्तर समेत बढेको छ ।अविरल वर्षाबाट हुन सक्ने सम्भावित घटनाबाट बच्न रुरु गाउँपालिकाले सबै वडाहरुमा सतर्कता अपनाउन आह्वान गर्दै विपत व्यवस्थापनको टिमलाई सतर्क अवस्थामा रहन आग्रह गरेको छ ।


## CYPRUS र QATAR मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ZODIAC EMPLOYMENT AGENCY LIC NO. 306 — शहर: Nicosia
पूर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७६ — LT. No.: 244630

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 20 | स. काममा दक्ष | 309 | ४३,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : KYW ANSHA A LIMSHARY — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७७ — LT. No.: 244611

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Mason | 3 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 3. | Carpenter | 3 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 4. | Plaster Worker | 5 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 5. | Tile Maker | 2 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 6. | Driver | 1 | 0 | | 1500 | ४८,७९५ | | | | | | | |
| 7. | Heavy Vehicle Driver | 1 | 0 | | 1900 | ६१,८०७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १९ गते (04 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साइप्रसको रु.४०,०००/- कतारको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067 — ISO 9001 : 2015
Tokha-10, Prayasnagar, Samakhusi, Kathmandu, Tel.: 01-4956654, 4955978, 9849664971
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



## साउदीमा रोजगार | १. कम्पनी : Branch Global Taste Company For Commercial Service — शहर: Dammam

पूर्व स्वीकृत मितिः २०७८/०५/१० — चलानी नं.: ६०१६१९४८ — LT. No.: 244298

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४७,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : General Contracting Yahya Abdullah Muhammad Al - Qahtani. — शहर: Jeddah
पूर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०२७ — LT. No.: 244543

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५६,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १९ गते (04 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

हेराल्ड ईन्टरनेशनल प्रा. लि.
श्रम इजाजत नं. ५१३/०६१/०६२
पो.ब.नं. १६१, नयाँबानेश्वर, काठमाडौं, फोनः ४४७५३३९, ४४६८६९७, ४४७६६०३



## साउदीमा रोजगार | १. कम्पनी: MANAR JEDDAH TRADING EST — शहर : Jeddah

पुर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७४ — L.T. No.: 244227

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: JOD COMPANY IS ONE PERSON COMPANY — शहर : Riyadh
पुर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७३ — L.T. No.: 244585

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ZINA MOHAMMED AMERAL ASMARI EST. — शहर : Abha
पुर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७२ — L.T. No.: 244586

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker & Tea & Others | 4 | 0 | स. काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: UNITED CABIN FOUNDATION FOR PUBLIC CONTRACTING — शहर : Abha
पुर्व स्वीकृत मितिः २०७८/०५/०४ — चलानी नं.: ६०१६२०७१ — L.T. No.: 244587

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५६,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५६,८४४ | | | | | | | |

५. कम्पनी: AL BASMA WORLD TRADING EST. — शहर : Tabuk
पुर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७० — L.T. No.: 244144

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: COFFEE VIEW CAFE TO SERVE DRINKS — शहर : Madinah
पुर्व स्वीकृत मितिः २०७८/०५/११ — चलानी नं.: ६०१६२०७५ — L.T. No.: 244226

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker, Tea And Other | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १९ गते (4 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ५ नि:शुल्क अन्य रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अल-हरमैन एच.आर. प्रा. लि.
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४११०९१२
Email: alharmainhr@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np



## कतार र युएईमा वैदेशिक रोजगारको अवसर

Company: AL WASEEF ASSET MANAGEMENT CO (WASEEF) — City : DOHA
पूर्व स्वीकृत मितिः २०७७/१०/२७ — चलानी नं.: ६०१५४४५२ — LT. No.: 235978 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor | 3 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | ९७,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 41 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |
| 3. | Labourer | 11 | 0 | | 1000 | ३२,५३० | | | | | | | |
| 4. | Technician Gen | 30 | 0 | | 1100 | ३५,७८३ | | | | | | | |

Company : EJADAH ASSET MANAGEMENT GROUP, UAE
पूर्व स्वीकृत मितिः २०७७/१०/२५ — चलानी नं.: ६०१५४४२९ — LT. No.: 236010 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 290 | 185 | स. काममा दक्ष | 800 | २५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १९ गते (4 Sept. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- 4987207, 01- 4982553, E-mail : pro@anjalioverseas.com.np

# प्रधानसेनापतिमा प्रभुराम शर्मा नियुक्त



**काठमाडौं/मस**-राष्ट्रपति विद्यादेवी भण्डारीले बलाधिकृत रथी प्रभुराम शर्मालाई यही भदौ २४ गतेदेखि लागू हुने गरी नेपाली सेनाको प्रधानसेनापतिमा नियुक्त गरेकी छन् ।

नेपालको संविधानअनुसार मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति भण्डारीले रथी शर्मालाई प्रधानसेनापतिमा नियुक्त गरेकी राष्ट्रपति कार्यालयबाट शुक्रबार जारी विज्ञप्तिमा जनाइएको छ । उनी ४४औं प्रधानसेनापति हुन् ।

राष्ट्रपति भण्डारी नेपाली सेनाका परमाधिपति हुन । प्रधानसेनापति पूर्णचन्द्र थापाको तीन वर्षे कार्यकाल यही भदौ २४ गतेदेखि सकिँदैछ । कायम मुकायम प्रधानसेनापति शर्माले भारतबाट राष्ट्रिय प्रतिरक्षा, संयुक्त राज्य अमेरिकाबाट आतंकवाद तथा सुरक्षा, थाइल्याण्ड र पाकिस्तानबाट प्रतिरक्षा एवं बंगलादेशबाट शान्ति सेनासम्बन्धी उच्चस्तरीय तालिम लिनुभएको छ ।

सेनाको अपरेशनल योजना निर्माण र कार्यान्वयन गर्ने युद्धकार्य महानिर्देशक, बलाधिकृत र बलाध्यक्ष दुवैको जिम्मेवारीमा रहेका रथी शर्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी समसामयिक समस्या तथा चुनौतीबारे पूर्ण जानकार छन् ।

आफ्नो ३७ वर्षे लामो सैनिक सेवाका क्रममा गुल्म, गण, बाहिनी, पृतनालगायत जंगी अड्डास्थित सैनिक सचिव, भर्ना छनौट निर्देशक, नीति तथा योजना निर्देशक, सह-बलाध्यक्ष एवं सम्भाररथीको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरेका कायम मुकायम प्रधानसेनापति शर्मालाई नेपाली सेनाको हरेक जिम्मेवारीका बारेमा नजिकबाट अनुभव र ज्ञान छ ।

संयुक्त राष्ट्र संघको शान्ति मिसनअन्तर्गत पूर्वीटिमोरमा गुल्म र कङ्गोमा गणको अन्तर्राष्ट्रिय कमाण्ड गर्ने अवसर प्राप्त गरेका शर्मा भारतमा सम्पन्न भएको नेपाल भारत द्विपक्षीय सल्लाहकार समूहको भेलामा समेत सहभागी भएका थिए ।

बंगलादेशमा सैनिक सहचारीको कार्यभार उदाहरणीयरूपमा सम्हालिसकेका कारण उनको कार्यकालमा सेनाको सैनिक कूटनीतिमा उल्लेखनीय परिणाम आउने अपेक्षा गरिएको छ ।


त्रिभुवन विश्वविद्यालयबाट इतिहासमा स्नातकोत्तर र भारतको मद्रास विश्वविद्यालयबाट प्रतिरक्षा तथा रणनैतिक शास्त्रमा एमफिल गर्नुभएका शर्माले नेपाल तथा विश्वको इतिहासलगायत राष्ट्रिय प्रतिरक्षा सम्बन्धमा गहन अध्ययनसमेत गरेका छन् ।

सरल स्वभाव, स्पष्ट वक्ता र ठोस निर्णय गर्ने क्षमताका लागि परिचित कायम मुकायम प्रधानसेनापति शर्माको मुख्य प्राथमिकता कोभिड-१९का कारण प्रभावित तालिमलाई पुनः सञ्चालन गरी सेनाको अपरेशनल क्षमतालाई अभिवृद्धि गर्नु रहेको छ ।

भर्खरै लागू भएको सेनाको तीन जोड एक अवधारणाअनुसारको पुनःसंरचनालाई व्यवस्थित ढंगले कार्यान्वयनमा ल्याउनु पनि उहाँको प्रमुख कार्यभर रहनेछ । संगठनभित्र सकल दर्जामा हौसला अभिवृद्धि र सैनिक परिवारको कल्याण कार्य पनि कायम मुकायम प्रधानसेनापति शर्माका प्राथमिकताका क्षेत्र हुन् ।

# पशुपतिमा एक करोड लागतमा बिरामी कुरुवा भवन बन्दै

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ११ भदौ



विपन्न वर्गका समुदायको सहजीकरणका लागी पशुपति क्षेत्र नजिकै एक करोड लागतमा बिरामीकुरुवा भवन बनाइने भएको छ । विपन्न तथा असहाय परिवारको मानिसहरु काठमाडौं उपत्यकामा महंगो भाडा तिरेर बस्नुपर्दा उपचारमा पैसाको अभाव हुँदा कतिपयको ज्यान समेत भएको भन्दै भवन बनाउन लागिएको हो ।

बिरामी कुरुवाकोरुपमा बस्नुपरेका मानिसहरुलाई सहज बनाउने हेतुले ३ रोपनी ८ आना जग्गा भाडामा लिएर भवन बनाउन लागिएको हाम्रो टिम नेपालका बिमल पन्तले मध्यान्हलाई जानकारी दिए ।

लामो समय वैदेशिक रोजगारमा रहेर मातृभूमीलाई माया गर्नेहरु र देशमै रहेर सामाजिक भाव भएकी इशा गुरुङ, (पोखरा)हाल युके, सुनिता गुरुङ इजरायल,किशोर मानन्धर (अनामनगर), बिमल पन्त (पाल्पा) १०० ग्रुपका बब्लु गुप्ता (लहान), भिम उपाध्याय र सपना रोक्कामगर लगायतका सहयोगी मनहरुको सहयोग रहेको र सहयोगी मनहरु थपिँदैजाने पन्तले बताए ।

सो भवन २ तल्लाको रहने, भवनमा २४ वटा कोठा हुने, लक्षितवर्गलाई एक सहायता कक्ष र सुरक्षागार्डसहितको व्यवस्था हुनेछ भने विरामी कुरुवाहरुलाई बिहान, बेलुकी बसको व्यवस्थासमेत रहने पन्तले बताए । सो भवन कार्तिक मसान्तसम्म सकिने उनको भनाइ छ ।

# बाढीले केरवानी माविको माछापालन प्रभावित



**रेशम अधिकारी/मध्यान्ह**
रुपन्देही, ११ भदौ

अविरल वर्षापछि आएको बाढीका कारण रुपन्देहीको देवदह नगरपालिकामा रहेको सामुदायिक विद्यालय केरवानी माध्यामिक विद्यालयको माछापालन प्रभावित भएको छ ।विद्यालयका कृषि शिक्षक निरन्जन अर्यालले बिहीबार रातिदेखि आएको पानीले कजरा नदीमा पानीको बहाव बढेसँगै विद्यालयको नाली हुँदै बाढी पोखरीमा प्रवेश गरेको मध्यान्हलाई बताए । अर्यालका अनुसार विद्यार्थीको व्यावहारिक शिक्षाका लागि प्रत्येक वर्ष विद्यालयले माछापालन गर्दै आएको छ ।

'गत वर्ष माछापालनबाट विद्यार्थी र विधालयले सफलता पाएपछि यो वर्ष पनि पोखरीमा ४००० माछा हालिएको हो', शिक्षक अर्याल भने, 'पोखरीबाट विद्यार्थी र विधालयले ५० हजारको व्यापार गर्ने आकलनसमेत गरेका थियौं।' उनले माछामा कति क्षति भयो भन्ने तथ्यांकको प्रारम्भिक अनुमान गरिए पनि कुल क्षतिको विवरण अझै आउन नसकेको बताए । पोखरीमा अनुगमन गरि के-कति क्षति पुगेको छ भन्ने तथ्यांक आएपछि मात्र कुल क्षतिको विवरण आउन सक्ने अर्यालले बताए । केरवानी माध्यमिक विद्यालयले प्राविधिक धार तर्फ ९-१२ कार्यक्रम अन्तर्गत कृषि विषय संचानल गर्दै आएको छ। कृषि अध्ययनरत विद्यार्थीहरुले व्यावहारिक शिक्षा अन्तर्गत तरकारी खेती, माछापालन, च्याउ उत्पादन लगायतका काम गर्दै आएका छन्।

यस्ता कार्यले गर्दा विद्यार्थीहरुले किताबी ज्ञान मात्र नभएर व्यावहारिक ज्ञानसमेत हासिल गर्न सक्ने विद्यालयका प्राधानाध्यापक दुर्गादत्त शर्माले मध्यान्हलाई बताए ।

# बझाङमा गाई मारेको आरोपमा एक युवक पक्राउ

**तरुणा जोशी/मध्यान्ह**
बझाङ, ११ भदौ

गाई मारेको आरोपमा जिल्ला प्रहरी कार्यालय बझाङले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको खप्तडछान्ना गाउँपालिका वडा नं ५ का २८ वर्षीय जनक आग्री रहेका छन् ।

गाई मारेको सुराक पाएपछि अस्थायी प्रहरी पोष्ट पाटादेवल र जिल्ला प्रहरी कार्यालय बझाङबाट खटिएको टोलीले उनलाई पक्राउ गरेको हो । आग्रीले खप्तडछान्ना गाउँपालिका-६ राजकोटका बल बहादुर सार्कीको गोठबाट गाई चोरेर लगेका थिए ।

ब्याउने गाई बाटोमा हिँड्न नसकेपछि वडा नं ५ को छात्राबस्टीमा नजिकै रहेको पुलमा चिर्पटले हिर्काएर मारेको प्रहरीको प्रारम्भीक अनुसन्धानबाट खुलेको छ ।

पक्राउ परेका आग्रीमाथि भदौ ८ गते गाईचोरी गरी हत्या गरेको अभियोगमा भदौ ११ गते मुद्दा दर्ता गरी कारबाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बझाङका प्रमुख डिएसपी रुपक खड्काले बताएका छन् ।


**SAUDI मा रोजगार** | १. कम्पनी : ALBABTAIN BISCUIT MANUFACTURING & FOODSTUFF CO. LTD. शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०२२ LT. No.: 244559

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packaging Wrapping Worker | 13 | 0 | | 1000 | ३१,५८० | | | | | | | |

२. कम्पनी : SAUDI TIRES FACTORY शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०२६ LT. No.: 244558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १९ गते (04 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Rays Recruitment Pvt. Ltd.**
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com


प्रदेश सरकार
प्रदेश नं. २

## जलस्रोत तथा सिंचाइ विकास डिभिजन सिरहा

सिरहा

### आर्थिक प्रस्ताव खोलिने बारेको सूचना

**प्रकाशित मितिः २०७८/०५/१२ गते**

यस डिभिजनबाट मिति २०७८/०१/२३ गते जन सवाल राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल बमोजिमको खरिद कार्यको लागि पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्तावको मुल्याकन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (दसौ संशोधन २०७६ सहित को नियम ३१ (ङ) को उपनियम ४ वमोजिम सारभूत रुपमा प्रभावग्राही भएका देहाय बमोजिमका सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोही नियमावलीका ३१ (ङ) को उपनियम ५ को प्रयोजनार्थ सम्बन्धित सबै वोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं./ कार्य विवरण | प्राविधिक प्रस्ताव सफलभएका बोलपत्रदाताहरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने स्थान, मिति र समय |
|---|---|---|---|
| 1. | NISARTA/MSBIP-2077/78-02 Name of work: Mainabati subba Bandh Irrigation Project, Siraha na. pa.-1,2 & 18,Siraha. | Ashraya Nirman Sewa (Pvt) Ltd. Basundhara-3, Kathmandu. | जलस्रोत तथा सिंचाइ विकास डिभिजन, सिरहा, सिरहा २०७८/०५/२० बिहान ११:०० बजे |
| | | Mrit Sanjiwoni Nirwan Sewa Pvt.Ltd Makwanpur, Bagmati Province, | |
| | | Baniya- Uma & company-Jagadamba JV. Budhnagar-10, Kathmandu, | |
| | | Kamal-Amod JV. Janakpur- 9, | |
| | | Om Sai Ram Construction Pvt.Ltd. Satdobato-15, | |
| | | Roshan-Ram Janaki JV. Janakpur-4) | |
| 2. | NISATRA/LIP-2077/ 78-03 Name of work: Construction of Head works, Canal and Structures, Lohjara Irrigation Project Kalyanpur-01, Siraha. | Rautaha Construction Pvt. Ltd., Triyuga Municipality-2, Udayapur | |
| | | Ashraya NirmanSewa Pvt. Ltd., Basundhara-3, Kathmandu | |
| | | Om Sai Ram Construction Pvt. Ltd., Satdobato-15, Kathmandu | |
| | | Baniya- Uma & Company- Jagadamba J.V., Budhnagar-10, Kathmandu | |
| | | Roshan-Ram Janaki J.V., Janakpur- 4 | |

**डिभिजन प्रमुख**


**FREE VISA ! FREE TICKET ! FREE RECRUITMENT !**
**(ZERO COST) सहित SAUDI मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SALEH AL HAMAD COMPANY LTD, शहर : KSA

पूर्व स्वीकृत मितिः २०७८/०५/११ चलानी नं.: ६०१६२०३४ LT. No.: 244069

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Unloading | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 3 | 0 | | 1900 | ६०,००२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ भदौ १९ गते (04 September 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | निःशुल्क |

